# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,

## सानोठिमी, भक्तपुरको

## स्तर निर्धारण तथा सम्बन्धन महाशाखाको शैक्षिक सत्र २०८२/०८३ को लागि कार्यक्रम नविकरण गर्ने बारेको सूचना !

प्रकाशित मिति:२०८२/०१/०२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट प्रि-डिप्लोमा तथा प्रमाण-पत्र/डिप्लोमा तहका तालीम कार्यक्रमहरुको सम्बन्धन/स्वीकृती लिएका शिक्षण संस्थाहरुले सम्बन्धन/स्वीकृती पाएको मितिले दुई वर्षपछि प्रत्येक वर्ष स्वीकृत तालीम कार्यक्रमहरु नविकरण गर्नुपर्ने व्यवस्था भए अनुसार शैक्षिक सत्र २०८२/०८३ को लागि परिषद् प्रदेश कार्यालयहरुबाट गरिने नियमित अनुगमन र परिषद् प्राविधिक महाशाखाबाट प्राप्त हुने अनुगमन प्रतिवेदनमा स्वीकृत तालीम कार्यक्रम सञ्चालन गर्न सिफारिश हुने शिक्षण संस्थाहरुले आगामी शैक्षिक सत्र २०८२/०८३ का लागि तपशिलमा उल्लेख भए बमोजिम तोकिएका नोटरी प्रमाणित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८२/०१/३१ गते सम्म) नियमित दस्तुरमा र थप ७ दिन (२०८२/०२/०१ देखि २०८२/०२/०७ गते सम्म) विलम्व (डवल दस्तुर) जम्मा गरी Online मार्फत नविकरण गर्नु गराउनु हुन सम्बन्धित सबै शिक्षण संस्थाहरुलाई परिषद् कार्यालयको मिति २०८१/१२/२८ गतेको निर्णायानुसार जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै नविकरणको म्याद समाप्त भएपछि यथासक्य नविकरण गर्दा Online मार्फत पेश गरेका सम्पूर्ण सक्कल कागजातहरु पेश गर्नुहुन समेत जानकारी गराउन्इन्छ ।

**नविकरण गर्दा नोटरी प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:-**

१) कम्पनी रजिष्ट्रार कार्यालय वा संस्था दर्ता भएको कार्यालयबाट आर्थिक वर्ष २०८०/०८१ को संस्था नविकरण/अद्यावधिक गरेको पत्र र संस्था दर्ता सम्बन्धी सम्पूर्ण कागजात पेश गर्नुपर्ने ।

२) कम्तीमा आ.व. २०८०/०८१ सम्मको करचुक्ता गरेको प्रमाण वा कर दाखिलाको प्रमाण पेश गर्ने ।

३) स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको लागि प्रयोगात्मक अभ्यासमा प्रयोग गरिने अस्पतालका सम्बन्धमा परिषद्को न्यूनतम पूर्वाधार निर्देशिका तथा अन्य मापदण्डहरु, सम्बन्धित व्यवसायी परिषद् र राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को प्रावधान बमोजिम प्रयोग गरिएका अस्पतालको शैया खुलेको आधिकारिक निकायको स्वीकृतीपत्र र अस्पतालको नविकरण पत्र वा नविकरण प्रकृयामा रहेको सम्बन्धित निकायको पत्र (सरकारी बाहेक), अस्पतालले प्रयोगात्मक अभ्यासका लागि सहमति दिइएको संस्थाहरुका कार्यक्रमहरुको प्राथमिकता खुल्ने पत्र, सहमति सम्झौता पत्र, अस्पतालबाट संस्थासम्मको दुरी प्रमाणित कागजात र उक्त अस्पतालमा स्वास्थ्य सम्बन्धी स्नातक वा स्नातकोत्तर तहका कार्यक्रमका लागि प्रयोग गरिएको वा नगरिएको प्रष्ट खुल्ने गरी अस्पतालको स्वघोषणा पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४) चालु शैक्षिक सत्रमा संस्था सञ्चालन गर्दा प्रशिक्षण शुल्क बापत लिइदै आएको शुल्कको सम्बन्धमा परिषदबाट तोकिएको शुल्क मात्र लिएको प्रतिबद्धता पत्र र गत शैक्षिक सत्र २०८१/०८२ मा कार्यक्रम नविकरण गरेको कार्डको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५) प्रमाण-पत्र तह नर्सिङ्ग र आफ्नै १०० शैयाको अस्पताल भई स्वास्थ्य सम्बन्धी ३ वर्षे प्रमाण-पत्र/डिप्लोमा तहका कार्यक्रमहरुको सम्बन्धन/स्वीकृती पाई कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरुले आधिकारिक रुपमा आफ्नै १०० शैयाको अस्पताल खुल्ने नोटरी प्रमाणित कागजातहरु पेश गर्नुपर्ने छ ।

६) परिषद्बाट सम्बन्धन प्राप्त गर्दाको सम्बन्धन स्वीकृती पत्र, नामसारी, ठाउँसारी, नाम परिवर्तन, संस्था मर्जिङ्ग र स्वामित्व हस्तान्तरण आदि भएमा सो समेतको पत्रको प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

७) माथि उल्लेखित प्रमाण, कागजातहरु पेश गरेका र प्राविधिक महाशाखाको अनुगमन तथा मूल्याङ्कनबाट योग्य भएका शिक्षण संस्थाहरुले मात्र देहायको रकम परिषद् कार्यालयले तोकेको राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी, भक्तपुरको खाता नं. १७३०१००००००९००६ मा जम्मा गर्नुपर्नेछ । उक्त रकम जम्मा गर्दा बैंक भौचरमा संस्थाको नाम र ठेगाना अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

८) उपरोक्त अनुसारको कागजात CTEVT को Website: www.ctevt.org.np मा राखिएको विवरण सहितको फारम अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । साथै विद्युतीय माध्यम (ONLINE) बाट आवेदन पेश गर्दा संस्थाको लेटर प्याडमा अनुरोध पत्र सहित परिषद्को Website को Quick Link वा https://www.tinyurl.com/ctevt8283 मा मात्र पठाउनुपर्नेछ । अन्यथा नविकरणका लागि योग्य मानिने छैन ।

९) गत शैक्षिक सत्र ०७९/०८०, ०८०/०८१ र ०८१/०८२ मा स्वास्थ्य सम्बन्धी प्रमाण-पत्र/डिप्लोमा तहका कार्यक्रममा स्तरोन्नती भएका तथा समान तहका कार्यक्रम सञ्चालन गर्न सम्बन्धन/स्वीकृती पाएका शिक्षण संस्थाहरुले कार्यक्रम समेत उल्लेख भए अनुसारका कागजात र शुल्कहरु जम्मा गरी तालीम कार्यक्रम नविकरण गर्नुपर्नेछ ।

१०) संस्था/अस्पतालका सञ्चालकहरु वा शेयरधनी सदस्यहरुको हालको शेयर लगत विवरण स्पष्ट खुल्ने गरी संस्था दर्ता भएको सम्बन्धित निकायको पत्र, संस्था सञ्चालक समितिका सदस्यहरुको विवरण र नागरिकता प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**तपशिल:-**

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | TMIS शुल्क | रु. २,०००/- प्रति संस्था |
| २. | प्रमाण-पत्र /डिप्लोमा तह | रु. ३०,०००/- र प्रति थप कार्यक्रम रु. १०,०००/- |
| ३. | प्रि-डिप्लोमा | रु. १०,०००/- र प्रति थप कार्यक्रम रु. ५,०००/- |

**पुनश्चः छोटो अवधिको तालीम सम्बन्धन/स्वीकृती लिएका संस्थाहरुले सम्बन्धन/स्वीकृती पत्रमा उल्लेख भए अनुसारको मितिलाई गणना गरी सोही अनुसारको समय सीमाभित्र तोकिएको नियमित शुल्कमा र सो समय पश्चात् नियमानुसार विलम्व (डबल दस्तुर) तिरी कार्यक्रम नविकरण गर्न सकिने छ ।**